## लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार स्थापना गर्ने सम्बन्धी मार्गदर्शन, २०७८

<u>प्रस्तावना:</u> न्यूनतम समर्थन मूल्य प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा कृषकहरुले उत्पादन गरेको कृषि उपजहरुको भण्डारण गरी आफ्नो उत्पादनको उच्च मूल्य प्राप्त गर्ने अबसर प्रदान गर्दै कृषकहरुको न्यूनतम बचत सुनिश्चत हुने वाताबरण निर्माणमा टेवा पुर्याउन स्थानीय तहको लागत सहभागितामा खाद्य गोदाम घर निर्माण सहित अन्य पूर्वाधार सहयोगको कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले अन्तर सरकारी वित्त व्यबस्थापन ऐन २०७४ को दफा ९ बमोजिम यो मार्गदर्शन जारी गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस मार्गदर्शनको नाम " लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार स्थापना गर्ने सम्बन्धी मार्गदर्शन, २०७८" रहेको छ ।

(२) यो मार्गदर्शन मन्त्रालयबाट स्वीकृत भए पछि लागू हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा- .

(क) "कृषिउपज" भन्नाले न्यूनतम समर्थन मूल्य तोकिएका उपजहरु लगायत अन्य खाद्यान्न तथा दलहन बालीहरु सम्झनु पर्दछ ।

(ख) "न्यूनतभ समर्थन मूल्य" भन्नाले कृषकको उत्पादन तथा अन्य लागत जोडी निश्चित नाफा राखि नेपाल सरकारले तोकेको समर्थन मूल्यलाई जनाउँछ । वजार मूल्यमा विक्री नभई सरकारले खरिद गर्ने अवस्था भएमा न्यूनतम समर्थन मूल्य नै तोकिएको कृषि उपजको खरिद मूल्य मानिनेछ ।

(ग) "प्रदेश मन्त्रालय भन्नाले" प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय भन्नाले" नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

### परिच्छेद-२

### कार्यक्रम कार्यान्वयन प्रकृया

३. <u>सूचना तथा प्रस्ताव छनौट:</u> (१) खाद्य उपजहरुको वजार शुनिश्चितताको लागि स्थानीय तहमार्फत लागत सहभागितामा नयाँ खाद्य गोदाम घर निर्माण, सहकारी मार्फत् संचालनमा रहेका पुराना तथा कृषि सामाग्री कम्पनी लिमिटेडका पुराना गोदाम घर मर्मत सम्भार एवम् अन्य पूर्वाधार

स्थापनामा ईच्छुक स्थानीय तहको लागि आशय पत्र आब्हानको सूचना मन्त्रालयले प्रकाशन गर्नेछ ।

(२) स्थानीय तहहरु तथा कृषि सामाग्री कम्पनी लिमिटेडले कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेको निर्णय सहित अनुसूची -१ बमोजिमको आवेदन दिनु पर्नेछ ।

(३) एक भन्दा बढि स्थानीय तहहरुले आवश्यकता र सम्भाव्यताको आधारमा संयुक्त रुपमा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार निर्माण गर्न चाहेमा संयुक्त रुपमा आवेदन समेत दिन सक्नेछन् । यस अबस्थामा दुबै स्थानीय तहको निर्णय र लागत सहभागिता एवं संचालन बिधि समेत एकिन भएको हुनु पर्नेछ ।

(४) दफा ९ अनुसार गठित समितिले अनुसूची -२ बमोजिमको आधारहरुमा स्थानीय तहहरुको आशय पत्र मूल्याकन गरी छनौटको लागि मन्त्रालयमा सिफारीश गर्नेछ।

(५) पुराना रासायनिक मलको गोदाम घर मर्मत सम्भारका लागी कृषि सामाग्री कम्पनी लिमिटेडले अनुसुची-१ सहितको लागत अनुमान सहित प्रश्ताव पेश गर्न सक्नेछ ।

४. <u>भण्डारण संरचनाहरुको निर्माण</u>: (१) खाद्य गोदाम घर स्थापनाका लागि नेपाल सरकारको श्रोतबाट ब्यहोर्ने शशर्त अनुदानको रकम मन्त्रालयले छनौट भएका स्थानीय तहहरुमा सशर्त अनुदानका रुपमा निकासा हुने व्यवस्था मिलाउने छ । एक भन्दा बढि स्थानीय तहहरुको संयुक्त प्रस्तावको हकमा जुन स्थानीय तहमा गोदाम घर एवम् अन्य पूर्वाधार निर्माण गर्न प्रस्ताव गरिएको छ सोही स्थानीय तहमा रकम निकासा हुनेछ ।

(२) स्थानीय तहले आफैले वा उपयुक्त सहकारी संस्था, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समिति मार्फत संयुक्त रूपमा संरचना निर्माण र कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गर्न सक्नेछन् । आवश्यकता र सम्भाव्यताको आधारमा एक भन्दा बढि सहकारी संस्था, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिले संयुक्त रुपमा संरचनाको उपयोग र संचालन गर्ने बिधि समेत प्रस्ताब साथै समावेश गर्नु पर्नेछ ।

(३) स्थानीय तहहरुले आफ्नो क्षेत्र भित्र भएका तर उपयोगमा नरहेका कुनै सार्बजनिक संरचनालाइ खाद्य गोदाम घरको रूपमा संचालन गर्ने संभावना रहेको अबस्थामा उक्त संरचना खाद्य गोदाम घरको रूपमा सन्चालन हुन सक्ने स्पष्ट आधारहरु भएमा मर्मत प्रयोजनका लागि समेत कार्यक्रम प्रस्ताव गर्न सक्नेछन् ।

(४) खाद्य गोदाम घरको क्षमता स्थानिय तह वा कार्यक्रम सन्चालन गर्ने सहकारी संस्था, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिले स्थानिय आवश्यकता अनुसार प्रस्ताव गर्नु पर्नेछ । यद्यपी यस मार्गदर्शन अन्तर्गत निर्माण हुने खाद्य गोदाम घर १० मे. टन देखि २५,००० मे. टन सम्म क्षमताको हुनेछन्।

(५) प्रदेश अन्तर्गत रासायनिक मलको वफर स्टक राख्नको लागी गोदाम घर निर्माण गर्न मन्त्रालयले ससर्त अनुदान सहयोग गर्न सक्नेछ ।

कृषि तथा पशुपन्छी विकास म...

५. <u>भण्डारण संरचनाहरुको निर्माण लागत साझेदारी</u>: (१) खाद्य गोदाम घर निर्माणमा नेपाल सरकारले अधिकतम ५० प्रतिशत लागत सशर्त अनुदानका रूपमा व्यहोर्नेछ । स्थानीय तह एवम् कार्यक्रम सन्चालन गर्ने सहकारी संस्था, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिले लागतको कम्तीमा ५० प्रतिशत व्यर्होनु पर्नेछ ।

(२) सहकारी संस्था, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिको आफ्नै जग्गाको हकमा कुल लागतको १० प्रतिशत नबढ्ने गरि जग्गाको मूल्यलाई समेत संस्थाले व्यहोर्ने लागतमा समावेश गर्न सकिनेछ ।

(३) खाद्य गोदम घर तथा अन्य पूर्वाधार निर्माण सम्पन्न गर्ने अवधि संरचनाहरुको आवश्यकता र औचित्यताका आधारमा बढीमा २ वर्ष मात्र हुने छ ।

(४) पुराना सरकारी रासायनिक मल गोदाम घरलाई समेत मर्मत सम्भार गरी सो गोदाम घरहरुलाई रासायनिक मलको नियमित भण्डारण गृहको रुपमा प्रगोग गर्न सकिनेछ ।

६. <u>संरचना निर्माण र सन्चालन गर्ने सहकारी, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समिति छनौटका आधारहरुः</u>

स्थानीय तहले खाद्य गोदाम घर निर्माण तथा सन्चालनका लागि सहकारी, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिहरु छनौटगर्दा अनूसूची -३ मा उल्लेखित शर्त पुरा गरेका सहकारी, समूह, फर्म वा समितीहरूलाइ मात्रै छनौट गर्न सक्नेछ ।

७. <u>खाद्य तथा रासायनिक मल गोदाम घरका मापदण्ड र डिजाइनः</u> (१) स्थानीय आवश्यकता अनुसार अनुसूची -४ र - ५ मा तोकिएको मापदण्ड र क्षमताका खाद्य गोदाम घर निर्माण गर्नु पर्नेछ ।

(२) खाद्य गोदाम घर निर्माणका लागि स्थानीय तहलाई मन्त्रालयले अनुसूची -५ बमोजिमको वजेट शसर्त अनुदान दिनेछ ।

(३) खाद्य गोदाम घरको डिजाइन भौगोलिक स्थान विशेष अनुसार तराइ, पहाड र उच्च पहाडको लागि छुट्टा छुट्टै किसिमको हुन सक्नेछ ।

(४) स्थानीय तहले सम्बन्धित सहकारी, कृषक समूह, कृषि उपज बजार व्यवस्थापन समिती संग सम्झौता गर्दा खाद्य गोदाम घरको नक्शा र लागत अनुमान अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

(५) रासायनिक मलको गोदाम घर मर्मत सम्भार गर्दा कृषि सामाग्री कम्पनी लिमिटेडले प्रचलित दर रेटमा आवश्यक प्रकृया अपनाउनु पर्नेछ ।

कृषि तथा पशुपन्छी विकास

८. <u>खाद्य गोदाम घर संचालनका शर्तहरुः</u> (१) निर्माण हुने खाद्य गोदाम घरमा नेपाल सरकारले न्यूनतम समर्थन मूल्य निर्धारण गरेका कृषि उपजहरु स्थानिय कृषकहरुवाट खरिद गरी खाद्य गोदाम घर सञ्चालन गर्नुपर्नेछ ।

(२) खाद्य गोदाम घर सञ्चालकले उपदफा (१) बमोजिम खरिद गरिने उपजहरुको न्यूनतम गुणस्तर (चिस्यान प्रतिशत, शुद्दता प्रतिशत आदि) मापदण्ड लागू गर्नु पर्नेछ ।

(३) खाद्य गोदाम घरको उपयोग उपदफा (१) को अलावा स्थानिय स्तरमा उत्पादन हुने कृषि उत्पादनहरु बजारमा बिक्रि नभईन्जेल सम्मका लागि भण्डारण गर्न समेत प्रयोग गर्न सकिनेछ। यसको लागि खाद्य गोदामघर संचालकले खाद्य गोदाम घर सञ्चालनार्थ कृषकहरुबाट सम्बन्धित स्थानीय तह हरूले स्विकृत दरमा न्यूनतम भाडा लिन सक्नेछ ।

(४) गोदाम घर संचालक सहकारी, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिले व्यापारीक प्रयोजनको लागि खाद्य गोदामघर अन्य व्यवसायी वा संघ संस्थाहरुलाई भाडामा दिन सक्ने छैन । तर यस मार्गदर्शन अनुसारको शसर्त अनुदानबाट स्थानिय तह आफैले निर्माण एवम् संचालन गर्ने/गरेका खाद्य गोदाम घर सहकारी, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिलाई व्यवस्थापन एवम् सन्चालन गर्न दिन सक्नेछ ।

(५) खाद्य गोदाम घरको नियमित संचालन, व्यवस्थापन, मर्मत संभार लगायतको कार्य स्थानिय तह वा कार्यक्रम सन्चालनमा संलग्न सहकारी संस्था, कृषक समूह, वा कृषि उपज बजार व्यवस्थापन समिति स्वयमले गर्नुपर्नेछ ।

(६) गोदाम घर संचालक सहकारी, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिले यस मार्गदर्शन अनुसारको शसर्त अनुदान बाट स्थापना भएका खाद्य गोदाम घर अन्य प्रयोजनका लागि प्रयोग गर्न पाईने छैन ।

(७) खाद्य गोदाम घरको निर्माण एवम् यस मार्गदर्शनमा उल्लेखित खाद्य गोदाम घरको सन्चालनका व्यवस्था बाहेक अन्य व्यवस्था प्रचलित कानुन एवम् नियम अनुसार गर्नु पर्नेछ ।

(८) गोदाम घर संचालक सहकारी, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिको जग्गाको स्वामित्व आफ्नै नभइ भाडामा लिनु पर्ने भएमा कम्तीमा १० बर्षका लागि भाडामा उपलब्ध हुने सुनिश्चतता गर्नु पर्नेछ ।

## <u>परिच्छेद-३</u>

## <u>विविध</u>

९. <u>समिति गठन:</u> (१) यस मार्गदर्शन बमोजिम स्थानिय तह छनौट, वजेट बाँडफाँड कार्य देखि अन्य आवश्यक मार्गदर्शन र सहजीकरणको लागि देहाय बमोजिम एक समिति गठन गर्नेछ ।

(क) महाशाखा प्रमुख, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय (कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा) — संयोजक

(ख) उप महानिर्देशक, कृषि विभाग — सदस्य

(ग) उप सचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय (प्रशासन महाशाखा) — सदस्य

(घ) वरिष्ठ/कृषि ईन्जिनियर, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय (कृषि यान्त्रीकरण तथा साना सिचाइ शाखा) — सदस्य

(ङ) शाखा प्रमुख, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय (कृषि व्यवसाय तथा वजार प्रवर्द्धन शाखा) — सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्वन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>प्रतिवेदन:</u> (१) खाद्य गोदाम घर सञ्चालकले खाद्य गोदाम घरमा खरिद गरि राखेको कृषि उपज सम्वन्धी विवरण (खरिद गरेको कृषि उपज, कृषकको विवरण, खरिद मूल्य, खरिद परिमाण, आदि) खरिद गरिने अबधिमा साप्ताहिक रुपमा स्थानिय तहमा पेश गर्नु पर्नेछ र सो सम्बन्धी प्रतिवेदन स्थानिय तहले पाक्षिक रुपमा प्रदेश मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) यस मार्गदर्शन अनुसार शसर्त अनुदान प्राप्त गर्ने स्थानिय तहहरूले प्राप्त रकमको उपयोग तथा कार्यान्वयन, लेखा परिक्षण, बेरूजु कायम भएको अवस्थामा बेरूजु फछर्यौटको समेत जिम्मेबारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

११. <u>अनुगमन तथा मूल्याङ्कन:</u> यस मार्गदर्शन अनुसारको शसर्त अनुदानबाट स्थापना हुने खाद्य गोदाम घरको निर्माण कार्य, अनुगमन तथा मूल्याङ्कनको कार्य सम्वन्धीत स्थानिय तह, जिल्ला समन्वय समिति, प्रदेश मन्त्रालय र मन्त्रालयवाट हुनेछ ।

१२. <u>अन्तिम व्याख्या:</u> यस मार्गदर्शनमा द्विविधा उत्पन्न भएमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

१३. <u>संशोधन, खारेजी र अन्य:</u> (१) यस मार्गदर्शनमा आवश्यक संशोधन वा खारेजीको अधिकार मन्त्रालयमा रहनेछ यस मार्गदर्शनमा उल्लेखीत प्रवधान अन्य कानून संग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ ।

२) यस मार्गदर्शनमा उल्लेखित प्रयोजनमा बाहेक अन्य प्रयोजनमा गोदाम घर लगायतका संरचनाको प्रयोग गर्न पाइने छैन । यदी यो व्यवस्था उल्लंगन भएमा नेपाल सरकारले वहन गरेको दायित्व सरकारी बाँकी सरह असुल उपर हुने छ ।

(३) मन्त्रालयले अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

कृषि तथा पशुपन्छी विकास म...

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्वन्धित)

## लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार स्थापनाका लागि दिने निवेदन पत्रको ढाँचा तथा आवश्यक कागजातहरु

मिति .........................

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

विषय :- लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधारको प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयबाट मिति ---------------------------------- मा प्रकाशित सूचना अनुसार मन्त्रालयले लागु गरेको "लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार स्थापना गर्ने सम्वन्धी मार्गदर्शन, २०७८" को अधिनमा रहि यस .................... गाउँपालिका/नगरपालिका/कृषि सामाग्री कम्पननी लिमिटेड आफै वा ..................................... संगको साझेदारीमा उक्त कार्यक्रम सन्चालन गर्न इच्छुक रहेकोले आवश्यक कागजातहरु यसै साथ संलग्न राखि यो प्रस्तावना पेश गरेका छौ ।

दस्तखत ....................

नाम .........................

पद ..........................

गाउँपालिका/नगरपालिका/

कृषि सामाग्री कम्पनी लिमिटेड

ठेगाना ......................

## प्रस्तावनाको ढाँचा

१. परिचयात्मक विवरण

| | |
|---|---|
| आवेदक गाँउपालिका/नगरपालिकाको नाम(एक भन्दा वढि गाँउपालिका/नगरपालिकाले संयुक्त प्रस्ताव पेश गर्ने भएमा सवै गाँउपालिका/नगरपालिकाको विवरण उल्लेख गर्नु पर्ने) | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको पद | |
| सम्पर्क व्यक्तिको फोन नं. | |

२. सम्बन्धित स्थानीय तहमा उत्पादन हुने खाद्य उपजहरुको बिक्रियोग्य परिमाण

| सि.न | खाद्य उपजहरु | उत्पादन हुने मुख्य सिजन | अनुमानित बिक्रियोग्य परिमाण, मे. टन | चल्तीको बिक्रि मूल्य, प्रति के. जी. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

३. प्रस्तावित खाद्य गोदाम घर निर्माण एवम् सन्चालन सम्बन्धित विवरण

| | |
|---|---|
| खाद्य गोदाम घर सन्चालन कसले गर्ने हो | स्थानिय तह आफै |
| | सहकारी/कृषक समूह/कृषि उपज बजार व्यवस्थापन समिति |
| सहकारी/कृषक समूह/कृषि उपज बजार व्यवस्थापन समिति मार्फत सन्चालन गर्ने भए | |
| सहकारी/कृषक समूह/कृषि उपज बजार व्यवस्थापन समितिको नाम | |

| | |
|---|---|
| सहकारी/कृषक समूह/कृषि उपज बजार व्यवस्थापन समितिको ठेगाना | |
| सहकारी/कृषक समूह/कृषि उपज बजार व्यवस्थापन समितिको सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं. | |
| सहकारी/कृषक समूह/कृषि उपज बजार व्यवस्थापन समितिका सदस्य सम्बन्धित विवरण | जम्मा: |
| | महिला: |
| | पुरुष: |
| सहकारी/कृषक समूह/कृषि बजार व्यवस्थापन समिति सम्बन्धित अन्य बिवरण | |
| संस्था दर्ता भएको निकाय | |
| संस्थाको कार्यक्षेत्र | |
| संस्थाको बित्तीय क्षमता | |

४. खाद्य गोदाम घर निर्माणका लागि उपलब्ध जग्गा सम्बन्धी विवरण

| | |
|---|---|
| जग्गा उपलब्ध गराउने निकाय | स्थानिय तहको आफ्नै स्वामित्वको वा सरकारी जग्गा (प्रमाण संलग्न हुनु पर्ने) |
| | सहकारी/कृषकसमूह/कृषि उपज बजार व्यवस्थापन समितिको स्वामित्वको जग्गा (प्रमाण संलग्न हुनु पर्ने) |
| | भाडामा लिने (प्रमाण संलग्न हुनु पर्ने) |
| उपलब्ध हुने जग्गाको क्षेत्रफल | |
| उपलब्ध हुने जग्गामा सडक सुविधा छ वा छैन नभएमा सो को व्यवस्थापन कसरी गर्ने हो सो को विवरण | |
| उपलब्ध हुने जग्गामा विद्युतको व्यवस्था छ वा छैन | |

कृषि तथा पशुपन्छी विकास

| | |
|---|---|
| नभएमा सो को व्यवस्थापन कसरी गर्ने हो सो को विवरण | |

५. खाद्य गोदाम घर सम्वन्धी विवरण

| | |
|---|---|
| खाद्य गोदाम घर क्षमता | |
| थ्रेसिङ्ग फ्लोर क्षमता | |
| कार्यालय कोठा | |
| कम्पाउण्ड वाल/फेन्सीङ | |
| अन्य | |

६. खाद्य गोदाम घरको अनुमानित लागत सम्वन्धी विवरण

| | |
|---|---|
| जम्मा लागत रु हजारमा | |
| स्थानिय तहले व्यहोर्ने रु हजारमा | |
| सहकारी संस्था, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिले व्यहोर्ने रु हजारमा | |
| नेपाल सरकारले व्यहोर्ने प्रस्तावित भएको रु हजारमा | |
| अन्य साझेदार संस्था भए रु हजारमा | |

७. खाद्य गोदाम घरबाट लाभान्वित कृषक परिवार संख्या:

८. खाद्य गोदाम घरको प्रभाव सम्वन्धी विवरण

| क. सं. | वडा नं./गाउँको नाम | भण्डारण गर्ने परिमाण मे. टन |
|---|---|---|
| | | |
| | | |

९. खाद्य गोदाम घर सन्चालन योजना

| | |
|---|---|
| क) खाद्य उपज खरिद गर्ने योजना | |
| खरिद गरिने खाद्य उपजको नाम | |
| परिमाण | |

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

| | |
|---|---|
| खरिद पश्चातको विक्रि योजना | |
| ख) खाद्य गोदाम घरमा स्थानीय कृषकहरुको खाद्य उपज भण्डारण गर्ने योजना | |
| स्थानीय कृषकहरुको कुन कुन खाद्य उपज भण्डारण गर्न दिने सो को नाम | |
| परिमाण | |
| भण्डारण गर्न दिए वापत कृषकहरुवाट लिने भाडादर | |
| ग) खाद्य गोदाम घर सन्चालनका अन्य योजना | |

नगरपालिका/गाँउपालिकाको आधिकारीक व्यक्तिको नाम हस्ताक्षर र ......................

प्रमूख प्रशासकीय अधिकृत

कृषि तथा पशुपन्छी विकास मन्त्री

सचिव

## अनुसूची-२

(दफा ३ को उपदफा (४) सँग सम्वन्धित)

स्थानीय तहहरु छनौटका आधारहरु

| क.सं. | छनौटका आधारहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | खाद्य गोदाम घरबाट लाभान्वित कृषक परिवार संख्या | ८ |
| २ | स्थानीय निकायमा उत्पादन हुने खाद्य उपजहरुको बिक्रि योग्य परिमाण | ७ |
| ३ | स्थानीय तह र सहकारी संस्था, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिको लागत साझेदारी | ८ |
| ४ | न्यूनतम समर्थन मूल्यमा खाद्यान्न खरिद तथा बिक्रिको अनुभव | ५ |
| ५ | खाद्य गोदाम घर निर्माण हुने जग्गाको स्वामित्व | ८ |
| ६ | खाद्य गोदाम घरको भण्डारण क्षमता | ७ |
| ७ | आवश्यक पूर्वाधार सडक, विद्युतको उपलब्धता | ७ |
|  | जम्मा | ५० |

नोटः दफा ९ को उपदफा (१) अनुसार गठित समितिले उल्लेखित छनौटका आधारहरुलाई उप आधारहरुमा विभाजन गरी सो वापतको अङ्क निर्धारणगरी प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्नु पर्नेछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

सचिव

## अनुसूची-३

### सहकारी, कृषक समूह वा कृषि उपज बजार व्यवस्थापन समितिहरु छनौटका आधारहरु

(दफा ६ सँग सम्वन्धित)

१. तोकीएको स्थानीय तह भित्र आफ्नो कार्य क्षेत्र रहेको ।
२. नियमित साधारण सभा र लेखापरिक्षण भएको ।
३. खाद्य गोदाम घर निर्माण स्थलको व्यवस्था गर्न सक्ने ।
४. खाद्य गोदाम घरको लागि आवश्यक लागत साझेदारी गर्न सक्ने ।
५. खाद्य गोदाम घर निर्माण पश्चात सहज रुपमा संचालन गर्न सक्ने ।

अनुसूची ४

निर्माण गरिने भण्डार गृहको मापदण्ड

(दफा ७ को उपदफा (१) सँग सम्वन्धित)

१. खाद्य गोदाम घर निर्माण हुने स्थल निकासको राम्रो व्यवस्था भएको, बाढी पहिरो लागयतको प्राकृतिक प्रकोपबाट क्षती नपुग्ने स्थानमा रहेको हुनुपर्नेछ ।

२. खाद्य गोदाम घर निर्माण हुने स्थानमा कृषिउपजहरु लोड अनलोड लगायतका कार्यहरु गर्नका लागि पर्याप्त पार्किङ्ग स्थल उपलब्ध भएको हुनुपर्नेछ ।

३. खाद्य गोदाम घर निर्माण हुने स्थल मुल सडकको नजिक वा ठूला ढुवानीका साधनहरु प्रवेश गर्न सक्ने मार्गको पहुँचमा हुनुपर्नेछ ।

४. खाद्य गोदाम घर इन्जिरिनियरिङ्ग डिजाइन र निर्माणका हिसाबले कृषि उपजहरु भण्डारणका लागि उपयुक्त हुनुपर्नेछ ।

५. खाद्य गोदाम घर उपयुक्त तापमान व्यवस्थापन हुने, हावाको वहाव राम्रो हुने र चिस्यानले असर नगर्ने किसिमको हुनुपर्नेछ ।

६. भण्डार गरिएका कृषि उपजहरुमा हानी पुऱ्याउने मुसा, ढुसी लगायत अन्य रोग किराहरुबाट सुरक्षित रहने किसिमको हुनुपर्नेछ ।

७. खाद्य गोदाम घरका संरचनाहरु संभव भए सम्म लागत प्रभावी रुपमा निर्माण गर्नुपर्नेछ ।

सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची ५

## खाद्य गोदाम घर स्थापनाको लागि संघीय सरकारले व्यहोर्ने अनुदानको मापदण्ड

| क.स. | खाद्य गोदाम घरको क्षमता र किसिम | खाद्य गोदाम घरको क्षमता | संघीय सरकारले व्यहोर्ने अधिकतम अनुदान रकम |
|---|---|---|---|
| १ | साइलो ( Silo) | कम्तीमा ५०० मे. ट. | ५० प्रतिशत |
| २ | प्रीफ्याब/ पफफ प्यानल ( Prefab/ Puff Panel) | कम्तीमा १०० मे. ट. | |
| ३ | इटा/ ढुंगा सिमेन्टी ( Stone/ brick masonry ) | कम्तीमा १०० मे. ट | |
| ४ | Fixed/Mobile/Portable Grain Storage | कम्तीमा १० मे. ट. | |

सचिव